apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २८२ ● पृष्ठः ४ ● १० कार्तिक २०८३ मंगलबार (27 October 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# मधेशमा सत्ता फेरबदलको खेल

## कांग्रेस सरकार जोगाउने दबाबमा, एमाले–जसपा नयाँ समीकरणको तयारीमा

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**

गत ३० असोजमा नेकपा एमाले मधेश प्रदेश सरकारबाट बाहिरियो। त्यसयता मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार अल्पमतमा छ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री यादव आफू नेतृत्वको सरकार जोगाउने कसरतमा छन् । एमालेले समर्थन फिर्ता लिएको ११ दिन पूरा भएकाले अबको २० दिनभित्र उनले प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने बाध्यता छ।




मुख्यमन्त्री यादवलाई अहिलेसम्म आफ्नै दल कांग्रेसका २२ र नेकपाका १५ गरी ३७ सांसदको मात्र समर्थन छ। जबकि, मधेश प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। प्रदेशसभाको अंकगणितअनुसार मुख्यमन्त्री यादवलाई विश्वासको मत जुटाउन जसपा नेपाललाई साथमा लिनुपर्ने वा एमालेको समर्थन प्राप्त गर्नुपर्ने अवस्था छ।

उता, जसपा नेपाल, नेकपा एमालेलगायत दलहरू नयाँ समीकरण बनाउने गृहकार्यमा छन् । १०७ सदस्यीय मधेश प्रदेशसभामा २७ सिटसहित जसपा नेपाल सबैभन्दा ठूलो दल हो भने २३ सिटसहित एमाले दोस्रो ठूलो दल हो।

कांग्रेस २२ सिटसहित तेस्रो र नेकपा १५ सिटसहित चौथो ठूलो दल हुन्। जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राप्रपाका एक-एक सांसद छन्।

मुख्यमन्त्री यादव आफ्नो सरकार जोगाउन प्रयासरत रहँदा एमाले र ठूलो दलको हैसियतमा रहेको जसपा नेपालबीच सरकार गठनबारे छलफल भइरहेको हो । १५ बुँदे तीनदलीय सहमति कार्यान्वयन नभएको भन्दै एमालेले सरकारबाट समर्थन फिर्ता लिएको थियो।

एमालेले ठूलो दलको हैसियतमा जसपा नेपाललाई सरकार गठनका लागि समर्थन गर्ने विषय सार्वजनिक भइसक्केको छ। यद्यपि, एमाले संसदीय दलका नेता सरोजकुमार यादव आफ्नै नेतृत्वमा सरकार गठन गर्ने कसरतमा रहेको स्रोतको दाबी छ।

बाँकी पृष्ठ ३

# गोलबजार घटनामा वडाध्यक्ष अनवर र रास्वपा वडा सभापति खान पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**



सिरहाको गोलबजारमा गत साउन १४ गते भएको तोडफोड तथा आगजनीको घटनासँग सम्बन्धित सार्वजनिक शान्तिविरुद्धको कसुरमा गोलबजार नगरपालिका-११ का वडाध्यक्ष सोहेब अनवर र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वडा सभापति दानिश खान पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार दुवै जनाविरुद्ध उक्त घटनामा संलग्न रहेको आरोपमा जाहेरी परेको थियो। प्रहरीले अनवरलाई आइतबार राति गोलबजारबाट पक्राउ गरेको हो भने खानलाई पनि गोलबजार क्षेत्रबाटै नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीका अनुसार सुनसरीको देवानगञ्जमा गत साउन १० गते भएको घटनापछि गोलबजारमा साउन १४ गते तोडफोड तथा आगजनी भएको थियो। उक्त घटनामा दंगा भड्काउन तथा तोडफोड र आगजनी गराउन अनवरको मुख्य भूमिका रहेको आरोप लगाउँदै 'हिन्दु सम्राट सेना' नामक संस्थाका व्यक्तिहरूले उनीविरुद्ध जाहेरी दिएका थिए । खानविरुद्ध पनि घटनामा मुख्य भूमिका रहेको आरोपसहित करिब दुई महिनाअघि जाहेरी परेको थियो।

बाँकी पृष्ठ ४

# अवैध उत्खनन रोक्न गोलबजार नगरपालिकाको सार्वजनिक सूचना

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**

सिरहाको गोलबजार नगरपालिकाभित्र गागन खोला, मैनाबती खोलालगायत विभिन्न स्थानमा अवैध उत्खनन भइरहेको विषयमा समाचार सार्वजनिक भइरहेका बेला नगरपालिकाले अवैध उत्खनन रोक्न सार्वजनिक सूचना जारी गरेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुपनारायण खतिवडाको

बाँकी पृष्ठ ३

## विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

**जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मूर्ति विसर्जन गरी फर्किंदै गरेकी महिलाको सामूहिक बलात्कार, आरोपीहरूको खोजी जारी

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**

दुर्गाको मूर्ति विसर्जन गरी घर फर्किने क्रममा पाँच दिनअघि करिब २५ वर्षीया महिलामाथि भएको सामूहिक बलात्कारको घटनामा संलग्नहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। सिरहासँगै जोडिएको सप्तरीको सुरुंगा नगरपालिकास्थित आफन्तकोमा पाहुना गएकी महिलामाथि भएको बलात्कारको घटनामा संलग्नहरूको पहिचान भइसकेकाले खोजी तीव्र बनाइएको इलाका प्रहरी कार्यालय कडरबोनाले जनाएको छ।

घटनामा संलग्न व्यक्तिहरू लुकेर बस्न सक्ने सम्भावित ठाउँहरूमा प्रहरी परिचालन गरिएकाले छिट्टै पक्राउ गरी अनुसन्धानसहित कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने कडरबोना प्रहरी प्रमुख प्रहरी निरीक्षक श्याममणि पोखरेलले जानकारी दिए । उनका अनुसार पीडित पक्षले घटनामा संलग्न व्यक्तिहरूविरुद्ध दिएको किटानी जाहेरी गत बिहीबार दर्ता गरी पीडितको स्वास्थ्य परीक्षणसमेत गरिएको छ।

**यस्तो थियो घटना**

दसैंको अवसरमा गाउँमा दुर्गाको मूर्ति स्थापना गरी विधिवत् पूजाअर्चनासँगै मेलापछि टीकाको



दिन बुधबार साँझ पीडित महिला पनि स्थानीयवासीहरूसँगै ट्याक्टर चढेर गाउँदेखि पश्चिमतर्फ पर्ने बलान नदीमा मूर्ति विसर्जनका लागि गएकी थिइन्। नदीमा मूर्ति विसर्जनपछि ट्याक्टरमै घर फर्किने क्रममा बिचबाटोमा डिजेल सकिएर ट्याक्टर रोकिएपछि पैदल फर्किने क्रममा सामूहिक बलात्कारको

बाँकी पृष्ठ ४

## हुंकार मधेशले २५ जिल्लामा तोक्यो सम्पर्क व्यक्ति

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**

हुंकार मधेसले थरुहट-मधेशका २२ जिल्ला र काठमाडौं उपत्यकाका तीन जिल्लासहित २५ जिल्लामा सम्पर्क व्यक्ति तोकेको छ।

हुंकार मधेशको केन्द्रीय सचिवालय बैठकले आज विभिन्न जिल्लाका लागि सम्पर्क व्यक्ति तोक्ने निर्णय गरेको हो।

बैठकले झापादेखि कञ्चनपुर सम्मका जिल्ला तथा काठमाडौं




उपत्यकाका तीन जिल्लामा सम्पर्क व्यक्ति तोकेको छ।

हुंकार मधेशले झापामा हिरा महतो, मोरङमा हिरालाल मण्डल, सुनसरीमा रामनारायण मेहता, उदयपुरमा प्रकाश काफ्ले, सप्तरीमा शैशव राजु, सिरहामा सरोज यादव,

बाँकी पृष्ठ ४

# मधेशमा विकृति बन्दै मृत्यु भोज



**सप्तरी, कार्तिक ०९ गते।** मधेशमा मृत्यु भएपछि मृतकका घरमा भोज गर्ने परम्परा विकृत बन्दै गएको छ। मृत्यु भोज मधेशको परम्परा र संस्कृति भएकाले घरमा कसैको मृत्यु भएपछि मान्छे गुमाएको पीडाभन्दा पनि भोजकै चिन्ता, भोज गर्नुपर्ने बाध्यता रहँदै आएको छ।

घरमा कसैको मृत्यु भएपछि रितिरिवाजअनुसार गर्नुपर्ने क्रियाकर्मको तयारीसँगै मृत्यु भोजको तयारीमा घरमुली जुट्नुपर्ने बाध्यता छ। जात र समुदायअनुसार मृत्यु भएको १३ दिनको अवधिभित्र तीनदेखि पाँच पटक भोज गर्नुपर्ने बाध्यता अहिले पनि यथावत छ । कतिपयले नाम, सान र प्रतिस्पर्धामा ठूलोभन्दा ठूलो भोज गर्दै आएका छन्।

भोज परम्परा संस्कृति र रितिरिवाज मात्रै नभए हाम्रो संस्कार हो भन्ने बुझाइ अधिकांशमा छ। अन्नदान गर्नु पुण्यको काम हो। यसले आफन्त

बाँकी पृष्ठ ३






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### नदी दोहन रोक्न प्रहरी–स्थानीय सरकारबीच सहकार्य

सिरहा जिल्लाका नदी तथा खोलामा अवैध उत्खनन भैरहेको छ। त्यसलाई नियन्त्रण लिनु अहिलेको प्रमुख चुनौती हो। प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने र सार्वजनिक सम्पत्तिको दोहन रोक्ने जिम्मेवारी राज्यका सम्बन्धित निकायको हो । तर, अवैध उत्खनन नियन्त्रणका लागि खटिएका निकायको भूमिका नै प्रश्नको घेरामा परेको छ । यो चिन्ताजनक विषय हो । गोलबजार नगरपालिका-२ स्थित मैनावती खोला किनारमा अनुमति नलिई उत्खनन भइरहेको सूचनापछि नियन्त्रणमा लिइएको स्काभेटर आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अघि नबढाई छाडिएको छ। नगर प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले उत्खननस्थलबाट स्काभेटर नियन्त्रणमा लिए पनि त्यसलाई नगरपालिका पुऱ्याउन नसकिएको र पछि छाडिएको विवरण सार्वजनिक भएको छ। उत्खनन निजी जग्गामा गरिएको भए पनि नगरपालिकाबाट आवश्यक अनुमति लिइएको थिएन्। यो घटनाले अवैध उत्खनन नियन्त्रणमा सम्बन्धित निकायबीच समन्वयको अवस्था कस्तो छ भन्ने प्रश्न खडा गरेको छ। नियन्त्रणमा लिइएको उपकरण किन छाडियो ?, त्यसका लागि कसले निर्णय गऱ्यो ? र त्यसपछि अनुसन्धान तथा कारबाही अघि बढ्यो कि बढेन ? भन्ने विषयमा स्पष्ट जवाफ आवश्यक छ। यसवारेमा सम्बन्धित निकायले घटनाको निष्पक्ष छानबिन गरी तथ्य सार्वजनिक गर्नुपर्छ।

नदीजन्य पदार्थको अवैध उत्खनन सामान्य विषय होइन । यसको असर नदीको प्राकृतिक बहाव, जलाधार क्षेत्र, खेतीयोग्य जमिन, पुलपुलेसा, सडक तथा आसपासका बस्तीमा पर्न सक्छ । अनियन्त्रित उत्खननले कटान र भूक्षयको जोखिम बढाउन सक्छ। यसबाट तत्काल केही व्यक्तिले आर्थिक लाभ प्राप्त गरे पनि दीर्घकालीन क्षति स्थानीय समुदाय र राज्यले बेहोर्नुपर्ने हुन्छ। त्यसैले नदी तथा खोलाबाट ढुंगा, गिट्टी, बालुवा र माटो निकाल्ने कार्य प्रचलित कानुन, वातावरणीय मापदण्ड र सम्बन्धित निकायको स्वीकृतिबमोजिम मात्र हुनुपर्छ। सिरहा जिल्लाका कमला, गागन, घुर्मी, बलान, मैनावतीलगायत नदी तथा खोलामा हुने उत्खननको नियमित अनुगमन आवश्यक छ। कुन स्थानमा कति परिमाणमा उत्खनन गर्न पाइन्छ ?, अनुमति प्राप्त व्यक्ति वा कम्पनीले निर्धारित सीमाभित्र काम गरिरहेको छ कि छैन ? र राजस्व तथा वातावरणीय मापदण्डको पालना भएको छ कि छैन ? भन्ने विषयमा स्थानीय सरकार र सम्बन्धित निकायले नियमित निगरानी गर्नुपर्छ। अनुमति नलिई उत्खनन भइरहेको पाइएमा कानुनअनुसार तत्काल रोक लगाउने, आवश्यक प्रमाण संकलन गर्ने र दोषीमाथि कारबाही अघि बढाउने व्यवस्था प्रभावकारी हुनुपर्छ। यस कार्यमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्रका नदी तथा खोलाको अवस्था अनुगमन गर्ने, अवैध उत्खनन रोक्ने र सम्बन्धित निकायसँग समन्वय गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्छ। तर, स्थानीय सरकारसँग मात्रै सबै समस्या समाधान गर्ने अपेक्षा गर्न सकिँदैन् । सुरक्षा निकायको सहयोग पनि उत्तिकै आवश्यक हुन्छ। अवैध उत्खनन नियन्त्रणका क्रममा प्रहरीले स्थानीय सरकारलाई आवश्यक सहयोग गर्नुपर्छ। उपकरण नियन्त्रणमा लिइसकेपछि त्यसको सुरक्षा, आवश्यक कागजात तथा प्रमाण संकलन र थप अनुसन्धानका लागि सम्बन्धित निकायसँग समन्वय हुनुपर्छ। प्राविधिक वा प्रशासनिक कठिनाइ देखाएर नियन्त्रणमा लिइएको उपकरणलाई प्रक्रिया पूरा नगरी छाड्ने अवस्था आउनु हुँदैन्।

सिरहाका नदीहरुमा अवैध उत्खननमा आर्थिक लेनदेन, दबाब वा प्रभावका आधारमा कसैलाई छुट दिइएको आशंका उत्पन्न भएमा त्यसको निष्पक्ष अनुसन्धान हुनुपर्छ। आर्थिक लाभ लिएर गैरकानुनी गतिविधिलाई संरक्षण गरिएको प्रमाणित भएमा संलग्न व्यक्तिमाथि कानुनबमोजिम कारबाही गर्नुपर्छ। यस्ता विषयमा आरोपकै आधारमा कसैलाई दोषी ठहर गर्नु उचित हुँदैन, तर आरोपको निष्पक्ष छानबिन नगरी बेवास्ता गर्नु पनि स्वीकार्य हुन सक्दैन्। प्रहरी र स्थानीय सरकारका पदाधिकारी सबै कानुनप्रति उत्तरदायी हुनुपर्छ। नदीजन्य पदार्थको उत्खननमा संलग्न व्यवसायी, उपकरण सञ्चालक र अन्य पक्षले पनि कानुनी प्रक्रिया पालना गर्नुपर्छ। प्राकृतिक स्रोतको उपयोग गर्न पाउनु र त्यसको मनपरी दोहन गर्नु फरक विषय हुन्। वैधानिक अनुमति लिएर निर्धारित मापदण्डअनुसार गरिने उत्खनन र अनुमति नलिई गरिने उत्खननलाई एउटै रूपमा हेर्न मिल्दैन्। अवैध गतिविधि नियन्त्रण गर्ने निकायले पनि यही भिन्नतालाई आधार बनाएर निष्पक्ष र पारदर्शी ढंगले काम गर्नुपर्छ। मैनावती खोलामा नियन्त्रणमा लिइएको स्काभेटर छाडिएको घटनाले जवाफ सम्बन्धित निकायले दिनुपर्छ। गोलबजार नगरपालिकाले घटनासम्बन्धी अभिलेख सार्वजनिक गर्दै उत्खननको अनुमति, स्काभेटर नियन्त्रणमा लिइएको प्रक्रिया र त्यसपछि भएको कारबाहीबारे स्पष्ट पार्नुपर्छ। सशस्त्र प्रहरीले पनि आफ्नो टोलीको भूमिका र घटनाबारे जानकारी संकलन गरी आवश्यक जवाफ दिनुपर्छ। यदि प्रक्रिया उल्लंघन भएको छ भने जिम्मेवार व्यक्तिको पहिचान गरी कारबाही गर्नुपर्छ। अवैध उत्खनन रोक्नु कुनै एक कार्यालय वा सुरक्षा निकायको मात्रै दायित्व होइन। स्थानीय सरकार, प्रहरी, प्रशासन, सम्बन्धित प्राविधिक निकाय र नागरिकबीच सहकार्य आवश्यक छ। उजुरीलाई बेवास्ता गर्ने, नियन्त्रणमा लिएको उपकरणलाई छाड्ने वा दोषीलाई प्रभावका आधारमा उन्मुक्ति दिने प्रवृत्ति रोक्न सके मात्रै कानुनी शासनप्रति नागरिकको विश्वास बलियो हुन्छ। सिरहाका नदी तथा खोलाको संरक्षण आजको आवश्यकता हो। प्राकृतिक स्रोत केही व्यक्ति वा समूहको निजी लाभका लागि मात्र होइन। समग्र समाज र भावी पुस्ताको साझा सम्पत्ति हो। त्यसैले अवैध उत्खननविरुद्ध स्थानीय सरकारले दृढतापूर्वक कदम चाल्नुपर्छ र प्रहरीले कुनै पनि दबाब वा अनुचित प्रभावमा नपरी पूर्ण सहयोग गर्नुपर्छ। मैनावती खोलाको घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही र जिल्लाभर नियमित अनुगमनको व्यवस्था नै नदी दोहन नियन्त्रणतर्फको आवश्यक कदम हुनेछ। यसमा स्थानीय सरकार र प्रहरी प्रशासनले समन्वय गरी अवैध कार्यमा रोक लगाउन पर्छ।

# पाँच वर्षको जनादेशको रक्षा गरौं, आन्दोलन अनावश्यक




✍ अज्ञात अविवेकी

नेपालको राजनीतिमा चाडपर्वपछिको समयलाई राजनीतिक गतिविधि र अस्थिरताको सम्भावित मौसमका रूपमा लिने गरिन्छ। दशैं, तिहार र छठ सकिएलगत्तै सडक प्रदर्शन गर्ने, सार्वजनिक बहसमा दबाब सिर्जना गर्ने र सरकारलाई चुनौती दिने प्रवृत्ति यसपटक पनि दोहरिने सङ्केत देखिएका छन्।

भदौ २०८२ मा युवाहरूको आन्दोलनपछि तत्कालीन सरकारको बहिर्गमन भयो र त्यसपछिको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभाका २७५ मध्ये १८२ सिट हासिल गऱ्यो। यो परिणाम परम्परागत राजनीतिक शक्तिप्रति जनतामा रहेको असन्तुष्टि, सुशासनको अपेक्षा र परिवर्तनको आकाङ्क्षाको बलियो अभिव्यक्ति थियो।

तर नयाँ निर्वाचित सरकारले एक वर्ष पनि पूरा नगर्दै चाडपर्वपछि सरकारविरुद्ध आन्दोलन गर्ने विषय सार्वजनिक बहसमा आएको छ । लोकतन्त्रमा आन्दोलन गर्न पाउने अधिकार र विपक्षी दलको भूमिका निर्विवाद छन्। यद्यपि, कुनै आन्दोलनको मूल्याङ्कन गर्दा अधिकारको प्रश्नसँगै त्यसको आवश्यकता, औचित्य, उद्देश्य र सम्भावित परिणाम पनि हेर्नुपर्छ। वर्तमान परिस्थितिमा प्रस्तावित आन्दोलनको औचित्य स्पष्ट देखिँदैन। यसले सरकारलाई दबाबमा पार्ने भन्दा आयोजक दलहरूकै राजनीतिक विश्वसनीयतामा थप प्रश्न उठाउने जोखिम पनि छ।

**आन्दोलन किन आवश्यक देखिँदैन ?**

प्रथमतः, वर्तमान सरकार नयाँ छ र यसको कार्यसम्पादनको समग्र मूल्याङ्कन गर्न पर्याप्त समय बितिसकेको छैन। कुनै पनि सरकारको मूल्याङ्कन गर्दा उसले पाएको जनादेश, उपलब्ध स्रोतसाधन, संस्थागत अवरोध, कार्यान्वयन क्षमता र वास्तविक उपलब्धिलाई समग्रतामा हेर्नुपर्छ। दशकौंदेखि जरा गाडेका संस्थागत समस्याहरू केही महिनामै समाधान हुने अपेक्षा यथार्थपरक हुँदैन। सरकारलाई पर्याप्त समय दिनु भनेको उसलाई आलोचनाबाट मुक्त गर्नु होइन; सुधारको दिशा र परिणाम मूल्याङ्कन गर्न उचित अवसर दिनु हो।

अर्को, सरकारलाई जवाफदेही बनाउने संवैधानिक र संस्थागत माध्यमहरू खुला छन्। प्रतिनिधिसभा, राष्ट्रिय सभा, संसदीय समिति, न्यायपालिका, सञ्चारमाध्यम र नागरिक समाजले सरकारका निर्णयमाथि प्रश्न उठाउन सक्छन्। विपक्षी दलहरूले संसद्मा प्रश्न सोध्ने, नीतिगत कमजोरी उजागर गर्ने, वैकल्पिक नीति प्रस्तुत गर्ने र जनताको आवाज उठाउने अवसर पाउँछन्। यी माध्यम प्रभावकारी रूपमा प्रयोग गर्नु विपक्षीको प्रमुख जिम्मेवारी हो। कुनै ठोस कारणबिना सडक आन्दोलनलाई नै पहिलो विकल्प बनाउनुको औचित्य पुष्टि गर्न कठिन हुन्छ, त्यो पनि सरकार ढाल्ने खेलका रूपमा।

त्यसै गरी, राज्यका विभिन्न कार्यान्वयनकारी निकायमा पुरानै राजनीतिक संरचना, कार्यशैली र प्रभावको निरन्तरता रहेको अवस्थामा सरकारको सफलतालाई केवल उसका घोषणाका आधारमा मूल्याङ्कन गर्न मिल्दैन। न्यायपालिका, निजामती प्रशासन, प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक निकायहरूको कार्यसम्पादनले पनि सरकारी नीतिको कार्यान्वयनमा प्रभाव पार्छ।

सरकारको आलोचना गर्नु विपक्षीको अधिकार हो, तर कार्यान्वयनका चुनौती पहिचान नगरी सबै कमजोरीको दोष सरकारलाई मात्र दिनु वस्तुनिष्ठ मूल्याङ्कन हुँदैन। सरकारलाई काम गर्न दिनु र त्यसका नतिजाबारे प्रश्न गर्नु परस्पर विरोधी होइनन्। साथै, प्रस्तावित आन्दोलनको स्पष्ट उद्देश्य र त्यसले समाधान गर्न खोजेको समस्या सार्वजनिक रूपमा स्थापित हुन आवश्यक छ। सरकारको कुन निर्णयप्रति असहमति हो ? कुन नीतिमा सुधार चाहिएको हो ? कुन संवैधानिक वा सार्वजनिक हितसम्बन्धी प्रश्न समाधान गर्न आन्दोलन अपरिहार्य भएको हो ? यस्ता प्रश्नको स्पष्ट उत्तरबिना आन्दोलनको औचित्य कमजोर हुन्छ।

पुराना राजनीतिक दलहरूको शासनकालमा भ्रष्टाचार, कृपावाद, कमिसन र बिचौलियाको प्रभावबारे जनस्तरमा व्यापक असन्तुष्टि रहेको पृष्ठभूमिमा अहिले उठ्ने आन्दोलनका उद्देश्यबारे जनताले प्रश्न गर्नु स्वाभाविक हो। भ्रष्टाचारसम्बन्धी अनुसन्धान वा संस्थागत सुधारप्रतिको असहमति नै आन्दोलनको वास्तविक कारण हो भन्ने निष्कर्ष प्रमाणबिना निकाल्न मिल्दैन; तर आयोजक दलहरूले आफ्नो उद्देश्य स्पष्ट पार्नु आवश्यक छ।

समयको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। बाढी, पहिरो तथा अन्य विपद्बाट प्रभावित नागरिकको राहत, पुनर्स्थापना र सार्वजनिक सेवाको निरन्तरता सुनिश्चित गर्नुपर्ने समयमा राजनीतिक गतिविधिले जनजीवनमा अनावश्यक अवरोध सिर्जना गर्नु हुँदैन। शान्तिपूर्ण विरोध लोकतान्त्रिक अधिकार हो, तर त्यसको स्वरूप र उद्देश्यले सार्वजनिक हितलाई पनि ध्यान दिनुपर्छ। जनताले विगतमा भोगेको अस्थिरताको पुनरावृत्ति नचाहनु स्वाभाविक हो।

**आयोजक दलहरूकै लागि किन हानिकारक हुन सक्छ ?**

यो प्रस्तावित आन्दोलनको सबैभन्दा ठूलो राजनीतिक जोखिम आयोजक दलहरूकै विश्वसनीयतामा थप क्षति पुग्नु हो। २०८२ को निर्वाचनमा जनताले आफ्नो फैसला दिइसकेका छन् । निर्वाचन परिणामप्रति असहमति जनाउनु र सरकारका कामको आलोचना गर्नु लोकतान्त्रिक अभ्यास हुन्; तर जनादेशबाट बनेको सरकारलाई स्पष्ट नीतिगत वा संवैधानिक कारणबिना अस्थिर बनाउने प्रयास भएको सन्देश गएमा त्यसले आयोजक दलहरूको छविमा नकारात्मक असर पार्न सक्छ । लोकतन्त्रमा जनादेश स्वीकार गर्नु र त्यसैसँगै सरकारलाई जवाफदेही बनाउनु दुवै आवश्यक छन्।

जनताले आन्दोलनको उद्देश्यबारे प्रश्न गर्नेछन् । सरकारको कुन कामले तत्काल आन्दोलन अपरिहार्य बनायो ? संसदीय र संस्थागत माध्यमबाट समस्या समाधान गर्ने प्रयास किन पर्याप्त भएन ? आन्दोलनबाट नागरिकले के ठोस उपलब्धि पाउनेछन् ? यी प्रश्नको विश्वसनीय उत्तर दिन नसकिएमा आयोजक दलहरूको राजनीतिक सान्दर्भिकतामाथि नै बहस सुरु हुन सक्छ।

पुराना दलहरूको ३५ वर्ष लामो शासनकालमा भ्रष्टाचार, नातावाद, कृपावाद, कमिसन र बिचौलियाको प्रभावबारे उठेका प्रश्नहरू अझै सार्वजनिक स्मृतिमा ताजै छन् । त्यसैले सुशासन र जवाफदेहिताको नाममा आएको नयाँ सरकारको आलोचना गर्दा पुराना दलहरूले आफ्नै विगतको समीक्षा पनि गर्नुपर्छ। यसो भन्दैमा पुराना दलहरूले सरकारको आलोचना गर्न पाउँदैनन् भन्ने होइन । बरु उनीहरूले तथ्य, स्पष्ट नीति र विश्वसनीय विकल्पका आधारमा आलोचना गरेमा आफ्नो लोकतान्त्रिक भूमिका अझ प्रभावकारी बनाउन सक्छन्।

अर्कोतर्फ, आन्दोलनले सरकारलाई राजनीतिक रूपमा बलियो बनाउने सम्भावना पनि छ। विपक्षी दलहरू सडकमा उत्रिएमा सरकारका समर्थकहरू थप एकजुट हुन सक्छन् र सरकारले आफूलाई अस्थिर बनाउने प्रयास भइरहेको तर्क अघि सार्न सक्छ। त्यस अवस्थामा आन्दोलनले सरकारलाई कमजोर बनाउनुको सट्टा जनसमर्थन जुटाउने अवसर दिन सक्छ। यस्तो परिणाम निश्चित नभए पनि आयोजक दलहरूले त्यसको सम्भावनालाई बेवास्ता गर्नु हुँदैन।

राजनीतिक पुँजी पुनः निर्माण गर्नु पनि पुराना दलहरूका लागि महत्त्वपूर्ण चुनौती हो । निर्वाचन परिणामले उनीहरूको परम्परागत जनाधारमा आएको परिवर्तन देखाएको छ । यस्तो अवस्थामा जनविश्वास पुनः प्राप्त गर्ने प्रभावकारी बाटो जनताका समस्या समाधान गर्न सक्ने वैकल्पिक नीति, आत्मसमीक्षा र जिम्मेवार प्रतिपक्षी भूमिका हो । प्रदेश तथा स्थानीय तहमा समेत

बाँकी पृष्ठ ४ ▶▶

**बिमा लेख हरायो**

मिति २०८३/०५/२५ मेरो निम्न ब्यहोरा भएको एशियन लाइफ इन्स्योरेन्सबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : पुजा सिंह
ठेगाना : मिचैया न.पा-४, सिरहा
पोलिसी नं.: ६७११०००३०७९
मो.नं. : ९८४२८३६४१६



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**

सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष :** दिन राम्रो छ। शिक्षामा सुधारका संकेत देखिने छन्। बन्धुबाट साथ र सहयोग मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**बृष :** स्वास्थ्यमा ख्याल नगर्ने बानीले समस्या हुनेछ। शिक्षा र राजनीतिमा गरेको प्रयास सफल बन्नेछ।

**मिथुन :** शुभ दिन परेको छ। शिक्षामा थप मिहिनेत गर्नुपर्नेछ। परिवारको साथ र सहयोग प्राप्त हुने योग छ।

**कर्कट :** दिन राम्रो छ। कृषिको व्यापारबाट नाफा हुनेछ। सम्पत्तिको पछाडि लाग्दा स्वास्थ्यमा समस्या हुनेछ।

**सिंह :** दिन राम्रो छ। मनमा उत्साह बढ्ने छ। शिक्षामा प्रगति होला।

**कन्या :** दिन राम्रो छ। शिक्षामा थप मिहिनेत गर्नुपर्ने आवश्यकता छ। राजनीतिमा विपक्षीको घेराबन्दी हुनेछ।

**तुला :** दिन राम्रो छ। शुभग्रहको बहुमत रहेकाले सोचेको काम बन्नेछ। राजनीतिक क्षेत्रमा गरेको प्रयास सफल बन्नेछ।

**वृश्चिक :** स्वास्थ्यमा सुधार हुनेछ। शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण अवसर प्राप्त हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्ला।

**धनु :** दिन राम्रो छ। मन प्रशन्न बन्नेछ। परिवारको साथमा सुखद् यात्रा हुनेछ।

**मकर :** दाम्पत्य जीवनमा सफलता मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्ला। शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।

**कुम्भ :** दिन राम्रो छ। धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्ने छ। विपक्षी साथीसँग सहकार्य हुनेछ।

**मीन :** आम्दानी बढ्ने योग छ। सानो कुराले मनमा खुसी मिल्ने छ। शिक्षा र रोजगारीका क्षेत्रमा तपाईंका ग्रह बलवान छन्।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# 'हातमा हात, खेलको साथ; शौर्य परिवार एकताको साथ' नारासहित प्रतियोगिता आयोजना



✍अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ०९ गते

कर्मचारीबीच आपसी सद्भाव, सहकार्य र एकताको भावना अभिवृद्धि गर्ने उद्देश्यले शौर्य सिमेन्ट इन्डस्ट्रिज लिमिटेडमा अन्तरविभागीय भलिबल प्रतियोगिता सुरु भएको छ। प्रतियोगिताको उद्घाटन उद्योगका वरिष्ठ उपाध्यक्ष जीवन नेपालले गरेका हुन्।

उद्योगमा कार्यरत कर्मचारीबीच आपसी सम्बन्ध सुदृढ बनाउने, स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने तथा सामूहिक कार्यसंस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उद्योगले जनाएको छ।

प्रतियोगितामा मेकानिकल, इलेक्ट्रिकल, प्रोसेस, क्वालिटी कन्ट्रोल, अटोमोबाइल, स्टोर, डिस्प्याच, प्रशासन र सुरक्षा विभाग गरी नौवटा विभागका टोली सहभागी छन्। प्रतियोगिताको फाइनल खेल आगामी कार्तिक १५ गते हुने कार्यक्रम रहेको छ।

प्रतियोगिताको निष्पक्ष सञ्चालन तथा खेलको नियम पालना गराउन नेपाल प्रहरीका पूर्वप्रहरी नायब उपरीक्षक (डीएसपी) तथा उद्योगका सुरक्षा इन्चार्ज मनोज श्रेष्ठ मुख्य रेफ्रीका रुपमा रहेका छन्।

उद्घाटन समारोहमा उद्योगका महाप्रबन्धक गुरुदयाल सिंह, मानव संसाधन प्रबन्धक नारायण पाण्डेसहित विभागीय प्रमुख, कर्मचारी, स्थानीय बासिन्दा तथा जगदादाताहरूको उपस्थिति थियो। उनीहरूले खेलाडीलाई हौसला प्रदान गर्दै प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरेका थिए।

प्रतियोगिताको पहिलो खेलमा स्टोर विभागले प्रशासन विभागलाई लगातार दुई सेटमा पराजित गर्दै

बाँकी पृष्ठ ४ ▸▸

## अवैध उत्खनन रोक्न गोलबजार .............

हस्ताक्षरमा जारी सूचनामार्फत अनुमति बिना नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन, बिक्री वितरण र ओसारपसार नगर्न आग्रह गरिएको छ।

नगरपालिकाले कानुनविपरीत उत्खनन तथा ओसारपसार गरेको पाइएमा प्रचलित कानुनअनुसार जरिवाना, क्षतिपूर्ति र उत्खननमा प्रयोग गरिएका उपकरण तथा सवारीसाधन जफतलगायतका कारबाही गरिने जनाएको छ। साथै, अवैध उत्खनन तथा प्राकृतिक स्रोतको दोहन भएको देखिएमा सम्बन्धित वडा कार्यालय, नगरपालिका, इलाका प्रहरी कार्यालय वा सशस्त्र प्रहरी बेस क्याम्पमा जानकारी गराउन नगरपालिकाले अनुरोध गरेको छ।

नगरपालिकाले प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन र कानुनको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नसमेत सबैमा आग्रह गरेको छ।

नगरपालिकाले हालसम्म उत्खनन् गर्न कुनै किसिमको अनुमती नदिएको सुचनामा उल्लेख छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

## मधेशमा विकृति बन्दै मृत्यु .............

र परिवारलाई जोड्ने काम गर्छ। तर ऋण लिएर बाध्यताले भोज गर्नु संस्कृतिको नाममा विकृति भएको पूर्वशिक्षामन्त्री रेणु यादवले बताइन्।

उनले भनिन्, 'मृत्युमा अनिवार्य भोज गर्नुपर्ने प्रथाको न्यूनीकरण मात्र नभएर अन्त्य गर्नुपर्ने आवश्यकता छ। समाजले जबरजस्त लाधेको परम्परा भएकाले यस प्रथाको न्यूनीकरणका लागि हामी एकजुट भएर लाग्नुपर्ने आवश्यक छ।'

भोज संस्कार र बाध्यताले नभएर स्वेच्छाले हुनुपर्ने जरुरी रहेको उनले बताइन्। मधेशमा बढी जनसङ्ख्या रहेको यादव समुदायले २५/५० गाउँको एकै पटक सभा भोज गर्ने चलन छ।

मृत्यु भोजको नाममा हुने आडम्बरी सभा भोजलाई प्रोत्साहन गर्नु दुःखद रहेको आमसञ्चार प्राधिकरण मधेस प्रदेशका पूर्वअध्यक्ष श्यामसुन्दर यादवले बताए। उनले भने, 'मृत्यु भोजलाई प्रोत्साहन गर्नुभन्दा हतोत्साही गर्नुपर्ने आवश्यकता छ।'

एउटा भोजमा ५० हजारसम्मको स्वजाति आफन्तले भोज खाने गरेका पाइन्छ। भोजमा हुने खर्चले एक परिवारको १० वर्षभन्दा माथि जीवन चल्न सक्छ। भोजमा गरिने खर्च विपन्नको जीविकोपार्जन र शिक्षामा लगानी गर्न सके सकारात्मक सन्देशसँगै संक्षम र शिक्षित समाज निर्माणमा सहयोग पुग्ने उनले बताए।

राजविराज नगरपालिका-१ कि दुर्गादेवी रजकले सासु बित्दा भोज गर्न सक्दिन भन्दा समाजले भोज गर्नैपर्छ भन्दै कर लगायो। त्यसपछि भोज गर्नको लागि ३ लाख ऋण लिनुभर्ने बाध्यता भयो। त्यो ऋणको ब्याज जसोतसो तिरेपनि ऋण अहिलेसम्म तिर्न सक्की छैनन्।

दुर्गा त ऋण लिएर भोज गर्ने प्रतिनिधि पात्र मात्र हुन् मधेसका यस्ता सयौं परिवारले मृत्यु भोज गर्नुपर्ने बाध्यताले अहिले ऋण लिएर भोज गर्ने र वर्षौंसम्म ऋणमा अल्झिने प्रवृत्ति अझै कायम रहेको नेपाल पत्रकार महासङ्घ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले बताए।

भोजको नाममा ऋणको भारी बोक्ने काम कसैले गर्नु आवश्यक नरहेको उनले बताए। रासस

## मधेशमा सत्ता फेरबदलको ............

संविधानको धारा १६८ को उपधारा (३) बमोजिम दोस्रो ठूलो दलको संसदीय दलको नेताको हैसियतमा एमालेका सरोजकुमार यादव २०८२ कार्तिक २३ गते मुख्यमन्त्री नियुक्त भएका थिए। उनले भोलिपल्ट बिहान बर्दिबासको कालापानीस्थित पानस कटेजमा शपथ लिएका थिए।

त्यसबेला एमालेले आफ्नो पार्टीको कोटामा प्रदेश प्रमुख बनेकी सुमित्रा सुवेदी भण्डारी र सभामुख रामचन्द्र मण्डलको दुरुपयोग गरेको भन्दै आलोचना भएको थियो। एमाले, राप्रपा र संघीय समाजवादी पार्टी बाहेकका दल एकजुट भएर सडकबाट त्यसको चर्को विरोध गरेका थिए। उक्त नियुक्तिको विषय सर्वोच्च अदालतसम्म पुगेको थियो।

त्यस घटनापछि एमालेले प्रदेश प्रमुख र सभामुख पदसमेत गुमाउनुपरेको थियो। सर्वोच्च अदालतको आदेशअनुसार विश्वासको मत प्राप्त गर्ने सम्भावना नदेखेपछि तत्कालीन मुख्यमन्त्री यादवले पदबाट राजीनामा दिएका थिए।

एमालेका एक सांसदका अनुसार संसदीय दलका नेता यादव एक पटक भए पनि आफ्नै नेतृत्वमा बहुमतीय सरकार गठन गरेर मुख्यमन्त्री बन्न चाहन्छन्। 'आफ्नो नेतृत्वमा सरकार बनोस् भन्ने को चाहँदैन ? हाम्रो दलका नेताले प्रयास गर्दै हुनुहुन्छ। तर यो त्यति सहज भने छैन,' ती सांसदले भने।

गत ३० असोजमा एमालेले मधेश प्रदेश सरकारबाट आफ्ना चार मन्त्रीलाई राजीनामा गराउँदै समर्थन फिर्ता लिएकै दिन काठमाडौंको गुण्डुस्थित पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवासमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग चार घण्टा छलफल भएको थियो। छलफलमा जसपा नेपालका मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादवसमेत सहभागी थिए।

त्यस दिनका तस्वीर र खबर सार्वजनिक हुँदा जसपा नेपालको आलोचनासमेत भएको थियो। जसपा नेपालका अध्यक्ष यादवले सामाजिक सञ्जालमा लेखेर आफू सरकार निर्माणको लागि गुण्डु नपुगेको र अर्कै प्रसंगमा गएको बताएका थिए।

'जसपा नेपालले वर्तमान अवस्थामा नेकपा एमालेसँग सहकार्य गरी सरकारमा सहभागी हुने सम्बन्धमा कुनै निर्णय गरेको छैन। न कुनै नीति नै लिएको छ न त कसैसँग कुनै सामभ्दारी नै गरेको छ। तत्काल नयाँ सरकार गठन सम्भव नरहेको अवस्था छ,' अध्यक्ष यादवले लेखेका थिए, 'बेग्लै प्रसंगमा खिचिएको फोटो राखी फेसबुक तथा सामाजिक सञ्जालमा केही व्यक्तिहरूले दुरुपयोग गरी गलत, भ्रमात्मक दुष्प्रचार गरेको देख्दा आश्चर्य र दुःख लगेको छ।'

यादवले यस्तो दाबी गरे पनि गुण्डुको त्यो लामो छलफलमा नयाँ समीकरण बनाएर मधेश सरकार निर्माण गर्ने विषयमा छलफल भएको स्रोतको दाबी छ।

एमाले स्रोतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आफ्नै पार्टीको नेतृत्वमा सरकार गठन गर्ने प्रस्तावसहित छलफलमा आएको दाबी गरेको छ। तर जसपा नेपालले भने एमालेकै निमन्त्रणामा छलफलमा सहभागी भएको बताउँदै आएको छ।

उक्त छलफलपछि जसपा नेपालको नेतृत्वमा सरकार गठन गर्न एमाले सहमत भएको समाचारसमेत सार्वजनिक भएको थियो। एमालेका एक सांसदका अनुसार अहिले जसपा नेपालको नेतृत्वमा सरकार गठन गर्ने गरी गृहकार्य भइरहेको छ।

'नेकपालाई साथमा लिएर जसपा नेपालको नेतृत्वमा सरकार बनाउने गरी गृहकार्य भइरहेको छ,' ती सांसदले भने।

यता, जनमत पार्टी पनि मधेशमा जसपा नेपालको नेतृत्वमा सरकार बनेमा त्यति समर्थन गर्ने तयारीमा रहेको बताइन्छ। तर सरकार गठनबारे अहिलेसम्म पार्टीभित्र कुनै छलफल नभएको जनमत पार्टीका प्रदेश सांसद चन्दन सिंहले बताए।

नेकपाले पनि सरकार गठनबारे आफ्नो धारणा स्पष्ट गरिसकेको छैन। उक्त दल अहिले सरकारमै छ। सरकार गठनको विषयमा पार्टीले कुनै निर्णय नगरेको नेकपा संसदीय दलका नेता युवराज भट्टराईले बताए।

'अहिलेसम्म सरकारबारे नेकपाले कुनै छलफल र निर्णय गरेको छैन। परिस्थितिअनुसार नेकपाले निर्णय लिन्छ,' उनले भने।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल महन्थ ठाकुरको नेतृत्वमा रहँदा जसपा नेपालभन्दा अलग थियो। लोसपा नेपाल जसपा नेपालमा समाहित भएपछि जसपा नेपाल मधेश प्रदेशसभाको सबैभन्दा ठूलो दल बनेको छ। अहिले मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव पनि जसपा नेपालबाटै निर्वाचित भएका हुन्।

यसअघि एमालेले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम सरकार गठनका क्रममा राजनीतिक चलखेल गरेपछि कांग्रेसले सरकारको नेतृत्व लिएको थियो भने जसपा नेपालले सभामुख पद पाएको थियो।

अहिले जसपा नेपाल ठूलो दलको हैसियतमा रहे पनि धारा १६८ को उपधारा (३) बमोजिम सरकार गठन गर्ने बाटोभन्दा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम आफ्नै नेतृत्वमा सरकार गठन गर्ने प्रयासमा रहेको देखिन्छ।

यद्यपि, जसपा नेपालका सांसदसमेत रहेका पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले सरकार गठनबारे अहिलेसम्म कुनै औपचारिक छलफल नभएको बताए।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिरहाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०७/१० गते मंगलबारको अपन दैनिक राष्ट्रिय दैनिक)**

यस बैंक बाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०९/०९ गते मंगलवारको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८३/०४/२७ बुधबारको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम पनि कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **शाखा कार्यालय लाहान, सिरहामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०७/१७ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **शाखा कार्यालय लाहान, सिरहामा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा ब्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी:** प्रदेश सरकार, प्रदेश-२ उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०६/०९ मा दर्ता भई प्रा.फ.र.न. १२३५५/२०७७/०७८ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय लाहान, सिराहाबाट मिति २०७७/०६/१८ (मु.अ.कर दर्ता मिति २०७८/०८/०५) मा स्थाई लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६१३८७३३०३ को प्रमाणपत्र प्राप्त **सेनिथ ट्रेडर्स ।**
**फर्मको ठेगाना:** सिरहा जिल्ला लहान न.पा. वडा नं. १०, लहान ।

**प्रोप्राइटर तथा जमानतकर्ता : मोनिका थापा** (ना.प्र.नं. १५२०२१/४७७५, जारी मिति २०६७/१०/१०, ई.प्र.का. लहान, सिरहा)
स्थाई ठेगाना: सिराहा जिल्ला विष्णपुरकट्टी गा.बि.स. वडा नं. ५
हालको ठेगाना: सिराहा जिल्ला लहान न.पा. वडा नं. १३।
बाबु : गंभीर बहादुर वलम्पाकी मगर
पति : अभिशेर कोईराला, ससुरा: निरंजन कुमार कोईराला ।

**जमानतकर्ता : अभिशेर कोईराला**
(ना.प्र.नं. १५२०२३/२९५२ मिति २०६७/०५/२३, जि.प्र.का सिरहा)
ठेगाना: सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २) ।
बाबु : निरंजन कुमार कोईराला
बाजे : खडग बहादुर कोईराला ।

**जमानतकर्ता: निरंजन कुमार कोईराला** (ना.प्र.नं. ८९८/२५४१, जारी मिति २०४१/०३/१२, जि.प्र.का सिराहा) ।
ठेगाना: सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २) ।
बाबु : खडग बहादुर ।
बाजे : धिर बहादुर कोईराला ।

**जमानतकर्ता : सुरज कुमार कोईराला** (ना.प्र.नं. १५२००३/१०३८, मिति २०६६/१२/०१, जि.प्र.का सिरहा) ।
ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २) ।
बुवा : निरंजन कुमार कोईराला ।
बाजे : खडग बहादुर कोईराला ।

**जमानतकर्ता : मुना कार्की** (ना.प्र.नं. १४-०१-७४-०४९७७, मिति २०७४/०८/०३, जि.प्र.का उदयपुर) ।
स्थाई ठेगाना : उदयपुर जिल्ला त्रियुगा न.पा. वडा नं. ७ ।
हालको ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ ।
बुवा : निराजन कार्की ।
पति : सुरज कुमार कोईराला ।
ससुरा : निरंजन कुमार कोईराला ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. निरंजन कुमार कोईरालाको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला गोविन्दपुर प्र.ध. गा.बि.स. वडा नं. ३, नक्सा सिट नं. ३ख, स्थित कि.नं. २७ क्षेत्रफल १-१-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. ऋणी सेनिथ ट्रेडर्स फर्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ......१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय लहान सिराहाबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको **शाखा कार्यालय लाहान सिरहामा** सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लहान सिराहामा सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७९०००

## हुंकार मधेशले २५ जिल्लामा तोक्यो ............

धनुषामा श्याम चौधरी, महोत्तरीमा राजकुमार महतो, सर्लाहीमा ब्रजेन्द्र शर्मा र रौतहटमा राहुल झालाई सम्पर्क व्यक्ति तोकेको छ।

त्यस्तै, बारामा डा. आरके कश्यप, पर्सामा अनिरुद्ध प्रसाद सिंह, मकवानपुरमा सरोज धानुक, चितवनमा हेमन्तकुमार, नवलपरासीमा ईश्वर चौधरी, रूपन्देहीमा राम रक्षा मौर्य, कपिलवस्तुमा दिपेन्द्रकुमार सिंह, दाङमा भगवान चिराग, बाँकेमा खुस्बु श्रीवास्तव र बर्दियामा आदर्श शुक्लालाई जिम्मेवारी दिइएको प्रवक्ता केशव झाले जानकारी दिए। यसैगरी, कैलालीमा वीरबहादुर बडायक, कञ्चनपुरमा दयाराम चौधरी, काठमाडौंमा विमलेश मानव, ललितपुरमा प्रकृति दुलाल र भक्तपुरमा बालकृष्ण अवतारलाई सम्पर्क व्यक्तिको जिम्मेवारी दिइएको छ।

संगठनले आगामी मंसिरको पहिलो सातादेखि 'हुंकार हुलाकी यात्रा' सुरू गर्ने तयारी गरेको छ। यात्राको तयारीका लागि विभिन्न जिल्लामा अभियानसम्बन्धी बैठकहरू भइरहेको हुंकार मधेशले जनाएको छ।

## गोलबजार घटनामा वडाध्यक्ष अनवर ............

अनवरविरुद्ध परेको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान अघि बढाउँदै सिरहा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएको थियो।

उनी फरार रहँदै आएको र खोजतलासका क्रममा गोलबजार आएको सूचना पाएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक (डीएसपी) एवं प्रवक्ता रमेशबहादुर पालले बताए। पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको प्रहरीले जनाएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ६५ मा धर्म, जात, जाति, सम्प्रदाय वा भाषाका आधारमा विभिन्न समुदायबीचको सुसम्बन्धमा खलल पार्ने कसुरसम्बन्धी व्यवस्था छ। उक्त कसुर पुष्टि भएमा प्रचलित कानुनबमोजिम सजाय हुने व्यवस्था छ।

## 'हातमा हात ............

२-० को जित निकालेको छ। पहिलो खेलदेखि नै कर्मचारी तथा दर्शकको उत्साहजनक सहभागिता देखिएको आयोजकले जनाएको छ।

उद्योगका अनुसार प्रतियोगिताले कर्मचारीलाई नियमित कार्यव्यस्तता बाट केही समय खेलकुदमा सहभागी हुने अवसर प्रदान गर्नुका साथै विभिन्न विभागबीच समन्वय, आपसी समझदारी र सहकार्य बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सिमेन्ट उद्योगको प्रभावकारी सञ्चालनका लागि विभिन्न विभागबीच समन्वय र सहकार्य आवश्यक भएजस्तै भलिबलमा पनि टोलीगत भावना, अनुशासन र सामूहिक प्रयास महत्वपूर्ण हुने सन्देश प्रतियोगितामार्फत दिन खोजिएको छ।

'हातमा हात, खेलको साथ; शौर्य परिवार एकताको साथ' भन्ने नारासहित आयोजना गरिएको प्रतियोगिताले कर्मचारीबीच एकता, संस्थाप्रतिको अपनत्व र सकारात्मक कार्यसंस्कृति थप सुदृढ बनाउने विश्वास उद्योगले लिएको छ।

# साविक विजेता लुम्बिनीको विजयी सुरुआत, सुदूरपश्चिम ७ विकेटले पराजित

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०९ गते**

साविक विजेता लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा सुखद सुरुआत गरेको छ। त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा लुम्बिनीले सुदूरपश्चिम रोयलसलाई ७ विकेटले पराजित गरेको हो।

सुदूरपश्चिमले दिएको ८८ रनको लक्ष्य लुम्बिनीले ९ ओभर ५ बलमै ३ विकेटको क्षतिमा पूरा गऱ्यो। लुम्बिनीको जितमा ओपनर डार्सी सर्टले आक्रामक ब्याटिङ गर्दै सर्वाधिक ४० रन बनाए। उनले १८ बलमा ४ चौका र ३ छक्का प्रहार गरे।

सर्टले अर्का ओपनर आसिफ शेखसँग पहिलो विकेटका लागि ७१ रनको साझेदारी गरेका थिए। आसिफले ३२ रन बनाए। निरोशन डिक्वेला ७ रनमा बोल्ड भए भने शमिम हुसेन १ रनमा आउट भए। कप्तान रोहित पौडेल ५ रनमा अविजित रहे।

सुदूरपश्चिमका अनिल खरेलले २ तथा कप्तान दीपेन्द्रसिंह ऐरीले १ विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम १७ ओभर २ बलमा ८७ रनमै अलआउट भएको थियो। टोलीलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका किशोर महतो र शेर मल्लले उत्कृष्ट बलिङ गरे। किशोरले ४ तथा शेरले ३ विकेट लिए। कप्तान रोहित पौडेल, तिलकराज भण्डारी र शाङ्ली भान शाकवाइकले समान १ विकेट हात पारे।

सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन बनाए। अनिल खरेल १७ रनमा अविजित रहे। सैफ जैबले १३ र विनोदले ९ रन जोडे। इशान पाण्डेले ७ तथा ब्रान्डन म्याकमुलेनले २ रन बनाए। शेर्फन रदरफोर्ड १ रनमा आउट भए। स्कट कुगेलेइन र हेमन्त धामीले खाता खोल्न सकेनन्।

खेलमा नेपालमा पहिलोपटक प्रयोग गरिएको डिसिजन रिभ्यू सिस्टम (डीआरएस) पनि चर्चामा रह्यो। दोस्रो ओभरको अन्तिम बलमा लुम्बिनीका शेर मल्लले एलबीडब्लुका लागि अपिल गरेका थिए। अम्पायरले आउट नदिएपछि कप्तान रोहित पौडेलले डीआरएस लिए पनि लुम्बिनीको अपिल सफल हुन सकेन।

एनपिएलअन्तर्गत मंगलबार दुई खेल हुँदैछन्। दिउँसो साढे १२ बजे विराटनगर किंग्स र चितवन राइनोज आमनेसामने हुनेछन्। त्यस्तै, साँझ ५ बजे कर्णाली याक्स र जनकपुर बोल्ट्सबीच प्रतिस्पर्धा हुनेछ।

## मूर्ति विसर्जन गरी फर्किंदै गरेकी महिलाको सामूहिक ............

सिकार भएको किटानी जाहेरीमा उल्लेख छ।

जाहेरीअनुसार मूर्ति विसर्जनका लागि गएका अन्यलाई त्यहीं छोडेर घर फर्किंदै गरेकी महिलालाई टिकुलिया गाउँको मदरसादेखि उत्तरतिर पर्ने आँपको बगैंचामा रहेका तीनजनाले नियन्त्रणमा लिई ज्यान मार्ने धम्की दिँदै बलात्कारपछि बेहोस बनाएर फरार भएका हुन्।

बाटोमै रोकिएको ट्याक्टरमा डिजेल हालेर गाउँलेहरू फर्किसक्दासमेत राति अबेरसम्म पीडित घर नआएपछि आफन्तले खोजतलास गर्ने क्रममा बेहोस अवस्थामा फेला पारेका थिए। त्यसपछि घटनामा संलग्न पक्षले आर्थिक प्रलोभन दिएर घटनालाई गाउँमै सामसुम पार्ने प्रयास गरेको भए पनि स्थानीय अधिकारकर्मीहरूको सहयोगमा पीडित पक्षले प्रहरीमा जाहेरी दिएको जनाएको छ।

**पीडितलाई न्याय दिन माग**

सामूहिक बलात्कार घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारवाही गर्न अधिकारवादी सामाजिक संघसंस्थाले माग गरेका छन्। सुरुंगा नगरपालिका- ४ स्थित जनचेतना दलित संगम र सुरुंगा युथले छुट्टाछुट्टै प्रेस विज्ञप्तिमार्फत घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै महिलामाथि हुने यौन हिंसा मानव अधिकार र महिला सुरक्षामाथिको गम्भीर चुनौती भएको उल्लेख गरेका छन्। घटनामा संलग्नताको किटान गरिएका व्यक्तिहरूलाई तत्काल पक्राउ गरी निष्पक्ष अनुसन्धान गरी प्रचलित कानुनअनुसार कारबाही गर्न माग गरिएको छ।

संगमले विज्ञप्तिमा पीडित महिला तथा उनको परिवारको सुरक्षाको सुनिश्चिततासहित धम्की, दबाब र प्रलोभनबाट संरक्षणका लागि प्रभावकारी कदम चाल्न सम्बन्धित निकायसँग आग्रह गरेको छ। सुरुंगा युथले पीडितको गोपनीयता, आत्मसम्मान र न्यायको अधिकारको रक्षा गर्न माग गर्दै घटनालाई जातीय तथा लैंगिक विभेदको दृष्टिकोणबाट समेत संवेदनशीलतापूर्वक सम्बोधन गर्न आग्रह गरेको छ। विज्ञप्तिमा पीडितलाई आवश्यक मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा र कानुनी सहायता उपलब्ध गराउनसमेत आग्रह गरिएको छ।




## पाँच वर्षको जनादेशको रक्षा गरौं, आन्दोलन ............

आफ्नो राजनीतिक आधार जोगाउन चाहने दलहरूले सडक प्रदर्शनभन्दा जनतासँगको सम्बन्ध, सेवा प्रवाह र स्थानीय मुद्दामा प्रभावकारी कामलाई प्राथमिकता दिनुपर्छ।

नेताहरूका सार्वजनिक अभिव्यक्तिमा देखिने विरोधाभासले पनि विश्वसनीयतामा प्रश्न उठाउन सक्छ। रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनका क्रममा सरकारको गति र त्यसलाई आवश्यक नियन्त्रण तथा सन्तुलनमा राख्ने विषयमा 'एक्सिलेरेटर' र 'ब्रेक' को उपमा प्रयोग भएको थियो।

तर सरकारको गति, दिशा वा निर्णयप्रति असहमति छ भने त्यसको आधार र समाधान स्पष्ट पारिनुपर्छ। पहिले गति घटाउनुपर्ने सुझाव दिने र पछि समग्र दिशामाथि नै प्रश्न उठाउने अवस्था बीचको भिन्नता व्याख्या गर्न नसकिएमा आलोचनाको उद्देश्यबारे जनतामा जिज्ञासा उत्पन्न हुन सक्छ। राजनीतिक प्रतिस्पर्धा व्यक्तिको आशय अनुमान गर्ने भन्दा नीतिगत तर्क र प्रमाणमा आधारित हुनु उपयुक्त हुन्छ।

त्यसै गरी, आन्दोलनले विपक्षी दलहरूभित्र नेतृत्व, रणनीति र प्राथमिकतासम्बन्धी मतभेद पनि बढाउन सक्छ। अपेक्षित परिणाम प्राप्त नभएमा त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठ्न सक्छ। त्यसैले आन्दोलनको निर्णय लिनुअघि यसको उद्देश्य, जनसमर्थन, सम्भावित परिणाम र वैकल्पिक उपायबारे गम्भीर समीक्षा गर्नु दलहरूको हितमा हुन्छ।

**सरकारको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण**

पाँच वर्षको जनादेशको सम्मान गर्नुको भन्नेमा सरकारलाई आलोचनामुक्त राख्न मिल्दैन। सरकारको जिम्मेवारी जनादेश प्राप्त गर्नुमा मात्र सीमित हुँदैन; त्यसलाई परिणाममा रूपान्तरण गर्नु नै वास्तविक परीक्षा हो। सरकारले भ्रष्टाचार नगर्नु मात्र पर्याप्त छैन। सार्वजनिक भएका भ्रष्टाचारका आरोपमाथि निष्पक्ष अनुसन्धान गर्नुछ र कसुर प्रमाणित भएका व्यक्तिलाई कानुनअनुसार कारबाही गर्नुपर्छ। अनुसन्धान राजनीतिक प्रतिशोधबाट मुक्त हुनुपर्छ र दोषीको राजनीतिक आबद्धताका आधारमा फरक व्यवहार हुनु हुँदैन।

बिचौलियाको प्रयोग नगर्ने प्रतिबद्धता मात्र पर्याप्त हुँदैन; सार्वजनिक निर्णय र सेवा प्रवाहमा बिचौलियाको प्रभाव घटाउने संस्थागत व्यवस्था आवश्यक छ। सुशासनको घोषणा मात्र होइन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार र नागरिकको जीवनस्तरमा देखिने सुधार पनि चाहिन्छ। सेवा प्रवाह छरितो, पारदर्शी र नागरिकमैत्री हुनुपर्छ। निर्माणका काममा गुणस्तर, सार्वजनिक खर्चमा मितव्ययिता र प्रशासनिक निर्णयमा निष्पक्षता देखिनुपर्छ। देशलाई स्थिर, एकताबद्ध र प्रभावकारी ढङ्गले अघि बढाउने जिम्मेवारी सरकारकै हो।

भदौ २३ र २४ का घटनासम्बन्धी जिम्मेवारीको निर्धारण पनि प्रमाण, निष्पक्ष अनुसन्धान र कानुनी प्रक्रियाका आधारमा अनावश्यक ढिलाइबिना हुनुपर्छ। यस विषयमा कसैलाई पूर्वनिर्धारित रूपमा दोषी वा निर्दोष ठहर गर्नु उचित हुँदैन। न्यायको मर्म भनेकै तथ्य र प्रमाणका आधारमा निष्पक्ष निर्णय गर्नु हो। त्यस्तै, कृपावाद, पक्षपात र राजनीतिक निकटताका आधारमा अवसर वितरण हुने प्रवृत्तिको अन्त्य व्यवहारमै देखिनुपर्छ। रास्वपाले पुराना दलका कमजोरी औंल्याउने मात्र होइन, आफूले के फरक र राम्रो गऱ्यो भन्ने पनि देखाउन सक्नुपर्छ।

स्वाभाविक रूपमा, वर्तमान सरकार पनि सर्वगुणसम्पन्न छैन। कतिपय क्षेत्रमा अपेक्षित गति लिन नसकेको हुन सक्छ, केही निर्णयमा ढिलाइ भएको हुन सक्छ र सुधारको अनुभूति आम नागरिकसम्म पुग्न समय लाग्न सक्छ। यी कमजोरीको समीक्षा आवश्यक छ। संसदीय निगरानी, सार्वजनिक बहस, खोजमूलक पत्रकारिता, नागरिक समाजको सक्रियता र शान्तिपूर्ण विरोधले सरकारलाई उत्तरदायी बनाउँछन्। सरकारलाई जवाफदेही बनाउनु र उसलाई काम गर्नै नदिनु फरक कुरा हुन्।

रास्वपाभित्र आन्तरिक मतभेद, नेतृत्वबीचको सम्बन्ध र संस्थागत निर्णय प्रक्रियाबारे उठ्ने प्रश्नलाई पनि गम्भीरतापूर्वक लिनुपर्छ। कुनै पनि दलको आन्तरिक एकता केवल बाह्य आलोचनाको विरोध गरेर कायम हुँदैन; पारदर्शिता, संवाद, स्पष्ट जिम्मेवारी र विधिसम्मत निर्णय प्रक्रियाबाट बलियो हुन्छ।

विपक्षी दलका अभिव्यक्तिले नेतृत्वबीच मतभेद बढाउने जोखिम उत्पन्न गरेको देखिए पनि त्यसलाई प्रमाणबिना सुनियोजित षड्यन्त्रको संज्ञा दिनु उचित हुँदैन। रास्वपाले आन्तरिक मतभेदलाई संस्थागत रूपमा समाधान गर्दै जनताप्रतिको प्रतिबद्धता परिणाममार्फत प्रमाणित गर्नुपर्छ।

**जनादेशको सम्मान र जवाफदेहिताको सन्तुलन**

लोकतन्त्रमा स्थिरता आफैंमा अन्तिम लक्ष्य होइन; स्थिरताको उपयोग जनताको जीवन सुधार्न र संस्थाहरू बलियो बनाउन हुनुपर्छ। त्यसै गरी, आन्दोलन आफैंमा उपलब्धि होइन; त्यसले उठाएको मुद्दा, उद्देश्य र परिणामका आधारमा त्यसको औचित्य स्थापित हुन्छ। सबै राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र नागरिकले जनादेश, लोकतान्त्रिक अधिकार र सार्वजनिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्नुपर्छ।

दशकौंदेखि जरा गाडेका समस्याहरू केही महिनामै समाधान हुन सम्भव हुँदैन। तर समय लाग्ने नाममा ढिलासुस्ती, पक्षपात वा अकर्मण्यतालाई उचित ठहऱ्याउन पनि मिल्दैन। सरकारको गति अपेक्षाभन्दा सुस्त हुन सक्छ, तर यसको नीतिगत दिशा, पारदर्शिता र परिणामको निरन्तर समीक्षा आवश्यक छ। विपक्षी दलहरूले पनि सरकारको कमजोरी औंल्याउने मात्र होइन, समाधानका व्यावहारिक विकल्प प्रस्तुत गर्नुपर्छ। यही जिम्मेवार प्रतिस्पर्धाले लोकतन्त्रलाई बलियो बनाउँछ।

अहिलेको आवश्यकता न त सरकारको अन्धसमर्थन हो, न त स्पष्ट औचित्यबिनाको राजनीतिक आन्दोलन र अस्थिरता। स्थिरतासहितको सुशासन, प्रमाणमा आधारित आलोचना र परिणाममुखी शासन वर्तमान नेपालको आवश्यकता हो। रास्वपालाई आफ्नो जनादेशअनुसार काम गर्ने अवसर दिऔं, तर उसका वाचा र कार्यसम्पादनमाथि निरन्तर प्रश्न पनि गरौं। पाँच वर्षपछि जनताले परिणामका आधारमा हिसाब माग्नेछन्। वाचा पूरा भए पुनः विश्वास गर्ने र पूरा नभए अर्को विकल्प रोज्ने अधिकार जनतासँग सुरक्षित रहनुपर्छ। आयोजक दलहरूले पनि बुझ्नुपर्छ कि राजनीतिक शक्ति पुनः प्राप्त गर्ने बाटो केवल सडकमा शक्ति प्रदर्शन गर्नु होइन, जनताको विश्वास पुनः जित्नु हो। लोकतन्त्रमा राजनीतिक प्रतिस्पर्धाको अन्तिम फैसला निर्वाचनमार्फत जनताले गर्छन्।

त्यसैले पाँच वर्षको जनादेशको सम्मान गरौं, सरकारलाई जवाफदेही बनाउँदै काम गर्न दिऔं र अन्तिम हिसाब जनतालाई गर्न दिऔं। जनताको नाममा लोकतन्त्रको मर्म कमजोर बनाउने होइन, जनताको निर्णय र अधिकारलाई सम्मान गर्दै जिम्मेवार राजनीतिक संस्कारको विकास गरौं। यही बाटो देशको स्थिरता, सुशासन र लोकतान्त्रिक परिपक्वताका लागि हितकर हुनेछ। विगतबाट हामीले सिक्नै पर्ने प्रमुख शिक्षा यही नै हो।

